म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- २७ २०८१ मंसिर २८ गते शुक्रबार 13 December 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-



पत्रकार महासंघको अध्यक्षमा ४ जना आकांक्षी

निर्वाचनअन्तर्गत आज मतदान गरिंदै

समाज संवाददाता

हेटौँडाः नेपाल पत्रकार महासंघको निर्वाचन कार्यक्रमअन्तर्गत आज शुक्रबार मतदान हुँदैछ। ३ वर्षे कार्यकालका लागि आज नयाँ नेतृत्व चयन गर्न मतदानको कार्यक्रम हुन लागेको हो । निर्वाचन समितिले शुक्रबार बिहान १० बजेदेखि दिनको ४ बजेसम्म मतदानको समय निर्धारण गरेको छ। महासंघका १ ससय १७ साधारण सदस्य छन् ।

निर्वाचन समितिले बिहीबार अन्तिम नामावली प्रकाशन गरेको छ । निर्वाचन समितिका अनुसार अध्यक्ष पदका लागि सुरेश श्रेष्ठ, बालकृष्ण अधिकारी, अञ्जली थापा र पोष्टराज अधिकारीको उम्मेदवारी कायमै रहेको छ । उम्मेदवारी फिर्ता लिने पूर्वनिर्धारित समयअनुसार अध्यक्षाका आकांक्षी शिवकुमार रिजालसहित उपाध्यक्षका आकांक्षी रविन्द्र गौतम, सचिवका आकांक्षी अशोक सुजन श्रेष्ठ र खुला सदस्यकी आकांक्षी मञ्जिता मैनालीले उम्मेदवारी फिर्ता लिएको निर्वाचन समितिले जनाएको छ।

निर्वाचनको कार्यक्रमअन्तर्गत मतदानका लागि हेटौँडा-५ स्थित रिगल हेटौँडा रिसोर्टमा मतदानस्थल तय गरिएको छ । अध्यक्षका आकांक्षी सुरेश श्रेष्ठ समृद्ध समाज दैनिकका सम्पादक तथा रेडियो निकासका स्टेशन म्यानेजर हुनुहुन्छ भने मकवानपुर बहुमुखी क्याम्पसमा पत्रकारिता तथा आमसञ्चार विषयका सहायक प्राध्यापक समेत हुनुहुन्छ। करिब २ दशकदेखि पत्रकारितामा क्रियाशील श्रेष्ठ स्वतन्त्र उम्मेदवार हुनुहुन्छ । बालकृष्ण अधिकारी कान्तिपुर टेलिभिजनका संवाददाता हुनुहुन्छ । प्रेस चौतारी मकवानपुरका अध्यक्ष समेत रहनुभएका अधिकारी स्थानीय टिम टेलिभिजनमा पनि आवद्ध हुनुहुन्छ । अधिकारी प्रेस युनियनको समर्थनमा प्रेस चौतारीको उम्मेदवार हुनुहुन्छ। अध्यक्षका आकांक्षी अञ्जली थापा प्रेस सेन्टर मकवानपुरकी अध्यक्ष समेत हुनुहुन्छ । समाजवादी प्रेस संगठनसहित विभिन्न संगठनको समर्थनमा थापा अध्यक्षको उम्मेदवार बन्नु भएको हो । थापा राष्ट्रिय समाचार समितिका लागि हेटौँडाबाट समाचार लेख्नुहुन्छ ।

अध्यक्षका अर्का आकांक्षी पोष्टराज अधिकारी नयाँ पत्रिकाका लागि हेटौँडाबाट समाचार लेख्नुहुन्छ । अधिकारी स्थानीय रेडियो मकवानपुरमा पनि आवद्ध हुनुहुन्छ । प्रेस युनियन मकवानपुरका पूर्वअध्यक्ष समेत रहनुभएका अधिकारी स्वतन्त्र उम्मेदवारको रुपमा रहनुभएको छ। खुला उपाध्यक्षमा गणेश अधिकारी र ध्रुब अधिकारीको उम्मेदवारी परेको छ । महिला उपाध्यक्षमा प्रतिक्षा न्यौपाने र भावना रिजालको उम्मेदवारी परेको छ। सचिवमा केशव सुवेदी र इन्द्रप्रसाद बञ्जाराको उम्मेदवारी परेको छ भने कोषाध्यक्षमा प्रदीप अधिकारी र यमप्रसाद पौडेलले उम्मेदवारी दिनुभएको छ। खुला सहसचिवमा विश्वराम अधिकारी र शिवप्रसाद चौलागाईको उम्मेदवारी परेको छ । यस्तै समावेशी सहसचिवमा सन्नु रिजाल र रुपा गुरुङको उम्मेदवारी परेको छ। दलित सदस्यमा सञ्जीव सुनार र सुमित विश्वकर्माको उम्मेदवारी परेको छ भने महिला सदस्यमा स्मिता अर्जेल र जमुना थिङको उम्मेदवारी परेको छ। जनजाति सदस्यमा सानुमाया गुरुङ र जयराम मोक्तानको उम्मेदवारी परेको छ।

खुला सदस्य ६ जनाका लागि १३ जनाको उम्मेदवारी परेको छ । खुला सदस्यमा जीवराज बखेल, श्यामलाल दूलाल, कुमारमणि हुमागाई, मञ्जिता मैनाली, श्रीराम अर्जुन दाहाल, कृष्णा विष्ट, रविन ढुंगाना, सरोज पौडेल, सुमन दाहाल, विवेक सिन्तान, अशेष ढुंगाना, अनिल पराजुली र नवराज वाईबाको उम्मेदवारी परेको छ । केन्द्रीय परिषद् सदस्यका लागि कमलचन्द्र सुमन, नवराज शर्मा र सुजन विडारीको उम्मेदवारी परेको छ । केन्द्रीय परिषद् सदस्यमा २ जना चयन हुनुहुनेछ ।

त्रिविमा हस्तक्षेप गरेको छैन : प्रधानमन्त्री

काठमाडौंः प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वविद्यालयमा डिन र क्याम्पस प्रमुख नियुक्तिमा आफूले हस्तक्षेप नगरेको बताएका छन् । बिहीबार त्रिवि सभामा कुलपति समेत रहेका प्रधानमन्त्री ओलीले यस्तो बताएका हुन् ।

'के भएर डिन नियुक्तिमा विलम्ब भयो ? नाम निकाल्नुहोस्, 'प्रधानमन्त्री ओलीले भने, 'मेरिटोक्रेसीमा प्रश्न नउठोस् । निष्पक्ष ढंगले काम होस् । मबाट हस्तक्षेप भएको छैन । तर, मेरो नाम आउँछ। अरू के भयो थाहा छैन । मेरोबाट विलम्ब भएको छैन ।'

प्रधानमन्त्री ओलीले मेरिटोक्रेसीबाट डिन र क्याम्पस प्रमुख नियुक्त गर्न त्रिवि नेतृत्वलाई निर्देशन दिए ।

'नियुक्ति साँच्चिकै मेरिटोक्रेसीबाट हुनुपर्छ। एउटा समिति बनाएर मात्र मेरिटोक्रेसी हुँदैन,' उनले भने । नियुक्तिमा आफूले हस्तक्षेप नगरेको उनले बाताए ।

'कुलपतिले हस्तक्षेप गऱ्यो भनिन्छ । प्रधानमन्त्रीलाई गाली नगरी हुँदैन,' उनले भने, 'हस्तक्षेप हुँदैन। हस्तक्षेप होइन संस्थाले निर्णय गर्छ ।'

आफूले गर्न पाए हुन्थ्यो भन्नू स्वायत्तता नभएको उनले बताए। डिनको नाम निकाल्न प्रधानमन्त्री ओलीले निर्देशन दिए ।

विश्वविद्यालय राम्रो होस् भन्नेमा कुलपतिले ध्यान दिने उनले बताए ।

आगामी ७ पुसभित्र डिन नियुक्ति गर्न प्रधानमन्त्री ओलीले निर्देशन दिए । '७ पुसमा बस्ने अनौपचारिक सभामा नयाँ डिन लिएर आउनू,' प्रधानमन्त्री ओलीले भने ।

स्रोतः अनलाईनखबर)

सरकार परिवर्तनसँगै हरायो सुरुङ मार्ग

करोड खर्चिएको भीमफेदी कुलेखानी सुरुङको डिपिआर दराजमा थन्कियो

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारको गौरवको आयोजनाको रुपमा रहेको भीमफेदी-कुलेखानी सुरुङ मार्ग मन्त्रालयको दराजमा थन्किएको छ । स्थापनाको समयदेखि नै प्रदेश सरकारले गौरवको आयोजनाको रुपमा उठाएको सुरुङ मार्ग सरकार परिवर्तनसँगै हराउँदै गएको हो ।

सरकार गठन ताका प्रदेश सरकारको नेतृत्व नेकपा एमालेका डोर मणि पौडेलले गर्नुभएको थियो। तत्कालिन नेकपा माओवादी केन्द्र र एमाले गठबन्धनको बागमती प्रदेश सरकारको महत्वपूर्ण आयोजनाको रुपमा सुरुङ मार्गलाई अघि बढाइएको थियो । उहाँकै जोडबलमा बागमती प्रदेश सरकारको विकासको प्रमुख मुद्दाको रुपमा सुरुङ मार्ग सुरु भएको थियो । सत्ता परिवर्तन पछि भने उक्त आयोजना सरकारको प्राथमिकतामा पर्न सकेको छैन । विगतमा पटक पटक नाम परिवर्तन गरेर वा नयाँ योजनाका रुपमा प्रदेश सरकारले सुरुङ मार्ग निर्माणका लागि बजेट विनियोजन गरेपनि सार्थकता पाउन सकेको छैन । हरेक आर्थिक वर्ष प्रदेश सरकारले संघ, प्रदेश, स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा सुरुङ मार्ग निर्माणका लागि बजेटको व्यवस्था हुने गरेको छ। तर, कार्यान्वयन भने हुन सकेको छैन।

पछिल्लो पटक आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० मा प्रदेश सरकारको बजेटमा सम्भावित सुरुङ मार्ग अध्ययन तथा विकासका लागि एकमुष्ठ रुपमा १ करोड रुपैयाँ विनियोजन गरेको थियो । सो समयको बजेट किताबमा न योजना निर्क्यौल छ न सुरुङ बन्ने स्थान र नाम नै । न रकम तोकिएको छ । योजना छनौट र रकम निक्यौल हुन नसक्दा बजेट कार्यान्वयनमा समेत अन्यौलता देखिएको छ । त्यसयताका बजेट कार्यक्रममा कुनै बजेट छुट्टिएको छैन । सरकार परिवर्तनसँगै उक्त योजना भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेट कार्यक्रमबाट हराएको छ । मन्त्रालयका अनुसार विगत २ आर्थिक वर्षको विनियोजन गरेको बजेटमा सुरुङ मार्गको योजना र रकम छुट्टिन सकेको छैन । आर्थिक वर्ष २०७८/०७९ मा सम्भाव्यता अध्ययनका लागि एकमुष्ठमा १ करोड रुपैयाँ बजेट प्राप्त भएको बजेट कार्यान्वयन नभएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सचिव अमृत श्रेष्ठले प्रक्रियागतरुपमा प्रदेश सरकारको बजेटले मात्र सुरुङ मार्ग निर्माण गर्न सक्ने अवस्था नरहेको बताउनुभयो । प्रदेशको गौरवको आयोजनाको रुपमा रहने भएकाले संघीय मन्त्रिपरिषद्बाट नै निर्णय भएर आएको खण्डमा मात्र उक्त आयोजना अघि बढ्न सक्ने उहाँले बताउनुभयो। उहाँका अनुसार हालसम्म सुरुङ मार्ग निर्माण आयोजना प्रदेशको गौरवको आयोजनामा समेटिएको छैन । राजनीतिक नेतृत्वले ल्याएको योजनामा मन्त्रालयले केही प्रक्रियागत अध्ययन गरेको भएपनि अहिले कुनै योजना नरहेको उहाँको भनाई छ ।

दराजमा थन्कियो भीमफेदी कुलेखानी सुरुङको डिपिआर

प्रदेश सरकारले सुरुङ मार्गको योजना चर्चाका लागि मात्र ल्याएको देखिन्छ । हरेक वर्ष सम्भाव्यता अध्ययनका लागि बजेट विनियोजन हुने भए पनि काम भने हुन सकेको देखिँदैन। गत आर्थिक वर्षमा प्रदेश सरकारले ३ वटा सुरुङ मार्गको सम्भाव्यता अध्ययनका लागि बजेट विनियोजन गरेको थियो। तर, विनियोजन भएका योजनाको प्रगति शून्य बराबर रहेको छ ।

गत आर्थिक वर्षमा प्रदेश सरकारले संघीय सरकारसँगको सहकार्यमा हेटौंडा-चोभार सुरुङ मार्गसहित अन्य ६ वटा योजनाको अध्ययन तथा निर्माणको योजना अघि सारेको थियो । प्रदेश सरकारले हेटौंडा-चोभार सुरुङ मार्गसहित चियाबारी-खुर्कोट, टोखा-छहरे, साँखु-फटिकेश्वर, लामाटार- मानेदोभान, साँगा-पाँचखाल, भक्तपुर खरिपाटी-कुन्ताबेसी निर्माणका लागि सम्भाव्यता अध्ययनको योजना अघि सारेको थियो । तर, सो योजना मध्ये कुनैपनि काम हुन नसकेको मन्त्रालयले जनाएको छ ।

प्रदेश सरकारले अघिल्लो आर्थिक वर्ष २०७८/०७९ मा साना सुरुङ मार्गको योजना कार्यान्वयन गर्न उद्देश्य अनुरुप २ वटा सुरुङ मार्गको सम्भाव्यता अध्ययन गर्ने प्रयत्न गरेको थियो । तर, सो सुरुङ मार्गको पनि सामान्य अध्ययन पश्चात स्थगित गरिएको थियो। प्रदेश सरकारका तर्फबाट उक्त मन्त्रालयले २ किलोमिटर लम्बाइको साँखु फट्केश्वर सुरुङ मार्ग र ७०० मिटर लम्बाइको गोकर्णेश्वर-बालुवा-बुढानिलकण्ड सुरुङ मार्गको पूर्वसम्भाव्यता अध्ययन गरेको थियो । तर, सो अध्ययन समेत पूरा हुन सकेन ।

तत्कालिन मुख्यमन्त्री डोरमणि पौडेलकै पालादेखि भीमफेदीबाट कुलेखानीसम्म सुरुङ मार्ग निर्माण गर्न प्रदेशको गौरवको आयोजनाको रुपमा सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) निर्माण लगायतको काम सुरु भएको थियो । ३ वर्षसम्म पौडेलले बागमतीमा शासन गर्नुभयो । तर, न सुरुङ मार्ग बन्यो न नै सो आयोजना निर्माणमा कुनै काम भयो । सो योजना अहिले अलपत्र अवस्थामा रहेको छ ।

त्यसो त प्रदेश राजधानी हेटौंडालाई काठमाडौंसँग जोड्ने छोटो दुरीको मार्गको यात्रा सहज र छिटो बनाउने उद्देश्यले सो सुरुङ मार्गको चर्चा आजभन्दा १५ वर्ष अघिदेखि नै सुरु भएको थियो । उद्घाटन समेत गरिएको उक्त सुरुङ पूर्वाधार विकास कम्पनीले निर्माण गर्ने गर्ने गरी सेयर वितरण गरी नागरिकहरुसँग समेत रकम असुल गरिएको थियो । उद्घाटनको दशक भन्दा बढी समय बित्दापनि सो सुरुङ निर्माणको काम हुन सकेको छैन। हाल सो सुरुङ मार्गको योजना परिमार्जन गरिएको छ। भीमफेदी कुलेखानी (पोष्ट बहादुर बोगटी) सुरुङ मार्गलाई परिमार्जन गरी बल्खु-हेटौंडा सुरुङ मार्ग नामाकरण गरिएको छ । हाल सो सुरुङ मार्गको अध्ययनका लागि न बजेट छ न नै प्रस्थान तथा अन्तिम बिन्दु तोकिएको छ।

उक्त सरुङ मार्ग निर्माणका लागि प्रदेश सरकारले विगतको ३ आर्थिक वर्ष लगाएर करिव डेढ करोड रुपैयाँ खर्च डिपिआर तयार गरेको थियो । तर, सो डिपिआर अहिले मन्त्रालयको कुनामा थन्किएको छ। सो सुरुङ मार्गको डपीआर निर्माणका लागि इटेको नेपाल प्रालि लगायत ७ वटा परामर्शदाताले फरक फरक विषयमा सुरुङ मार्गको प्राविधिक विषयको अध्ययन गरेका थिए। तत्कालिन सरकारले डिपिआर अनुसारको सुरुङ मार्ग निर्माण गर्न आवश्यक तयारीका लागि 'पोस्टबहादुर बोगटी सुरुङ मार्ग' नामाकरण गरी छुट्टै कार्यालय र कर्मचारीको समेत व्यवस्था गरेको थियो भने आवश्यक पूरा गरेर टेन्डर आह्वान गर्ने तयारी गरेको थियो। टेण्डर निकाल्ने प्रक्रिया केही बाँकी रहेको अवस्थामा राजेन्द्र पाण्डे नेतृत्वको सरकारले भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माण कार्य स्थगन गरेको थियो ।

भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माण कार्यमा १ करोड ३८ लाख ५५ हजार रुपैयाँ भीमफेदी-कुलेखानी सुरुङको नाममा खर्च भइसकेको छ । सुरुङ मार्ग निर्माण कार्य नहुने भएपछि साढे एक करोड खर्चिएर बनाइएको डिपिआर अभिलेखका रुपमा मन्त्रालयमा थन्किएको छ । हालको अवस्थामा सुरुङ मार्गको लागत करिब २० अर्ब रुपैयाँ लाग्ने देखिएको मन्त्रालयले जनाएको छ। डीपीआरअनुसार ११ मिटर चौडाइको ३२ सय २० मिटर र ३२ सय ७० मिटर लम्बाइको दुईवटा सुरुङमार्ग बनाउन करिब १९ अर्ब ३२ करोड रुपैयाँ लाग्ने अनुमान छ। एकतर्फी रुपमा सवारी सञ्चालनगर्ने गरी दुईवटा सुरुङ निर्माण ४२ महिनामा सम्पन्न हुने डीपीआरमा उल्लेख छ ।

उक्त सुरुङ मार्ग निर्माणको योजना आर्थिक वर्ष २०७६/०७७ बाट प्रदेशको गौरवको योजना र रातो किताबमा समावेश हुँदै आएको थियो । पहिलो वर्ष डीपीआर बनाउन १ करोड ३० लाख रुपैयाँ खर्चिएको थियो भने आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश सरकारले विनियोजन गरेको १ अर्ब रुपैयाँ फ्रिज भएको थियो । आर्थिक वर्ष २०७८/०७९ मा ७५ करोड रुपैयाँ बजेट छुट्याइएको थियो । प्रदेश सरकारले स्थापना गरेको सुरुङ आयोजनाका कर्मचारीको तलब भत्तामा ८ लाख ५५ हजार रुपैयाँ खर्च भएको भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ ।

कृषिमन्त्री अधिकारीद्वारा बकैया औद्योगिक ग्रामको अवलोकन

समाज संवाददाता

बकैयाः संघीय सरकारका कृषि तथा पशुपन्क्षी विकास मन्त्री रामनाथ अधिकारीले बकैया गाउँपालिकाले सञ्चालनमा ल्याएको औद्योगिक ग्रामको अवलोकन गर्नुभएको छ । मन्त्री अधिकारीले बिहीबार बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेको निमन्त्रणामा औद्योगिक ग्रामको अवलोकन गर्नुभएको हो ।

गाउँपालिकाका अध्यक्ष लामिछानेले मन्त्री अधिकारीलाई औद्योगिक ग्रामको बारेमा जानकारी गराउनु भएको थियो । अवलोकनको क्रममा मन्त्री अधिकारीले गाउँपालिकाले उद्योग सञ्चालनमा ल्याएर कृषकका लागि राम्रो कार्य गरेको बताउँदै औद्योगिक ग्रामका लागि आफुले पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । मन्त्री अधिकारीले औद्योगिक ग्रामको अवलोकनका क्रममा यस्ता कार्य अन्य स्थानीय तहले पनि गर्न आवश्यक रहेकोमा जोड दिनुभयो ।

बकैया गाउँपालिकाको ७ विगाह जग्गाको क्षेत्रफलमा ५ करोडको लगानीमा गाईभैंसीको दाना र साइलेज उत्पादन उद्योग सञ्चालनमा ल्याएको छ। उद्योगले गत साउनबाट गाई भैसीका लागि सन्तुलित दाना उत्पादन पूर्णरुपमा गर्न लागेको छ। उद्योगले हालसम्म ५० टन दाना उत्पादन गरेको छ। उक्त उद्योगबाट उत्पादन भएको दाना पालिका भित्रका कृषक, दुग्ध उत्पादक सहकारीहरुलाई बिक्री गर्ने गरिएकाको छ। उद्योगले हालसम्म ६५ टन साइलेज उत्पादन गरेको छ। कृषि मन्त्री अधिकारीको क्रममा गाउँपालिकाका उपाध्यक्ष भक्त बहादुर खत्री, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ लगायतको उपस्थिती रहेको थियो ।

सम्पादकीय

सक्षम नेतृत्व चयन गरौं

नेपाल पत्रकार महासंघको तीनै तह र प्रतिष्ठान शाखाको निर्वाचन कार्यक्रमअन्तर्गत आज शुक्रबार मतदानको कार्यक्रम हुँदैछ । पटक–पटक निर्वाचनको कार्यक्रम तय भएर पनि स्थगित भएको निर्वाचनको कार्यक्रमअन्तर्गत अन्ततः आज शुक्रबार मतदान हुँदैछ । विपुल पोखरेल नेतृत्वको संघीय समिति, शिव देवकोटा नेतृत्वको बागमती प्रदेश समिति र मणिराज गौतम नेतृत्वको मकवानपुर जिल्ला समितिको कार्यकाल पूरा भएर झण्डै एक वर्ष ढिलो गरी निर्वाचन हुँदैछ । विपुल, शिव र मणि नेतृत्वको टिमले आआफ्नो तहमा गरेका कामको समीक्षा गरेर वार्षिक साधारणसभा तथा अधिवेशन सकिसकेको छ । आज हुने निर्वाचनले नयाँ समिति चयन गर्नेछ ।

नेपाल पत्रकार महासंघको नेतृत्वमा रहनका लागि व्यक्ति, संगठन, पार्टी नै लागेको छ । पछिल्लो समय पत्रकारिता पेशा र पेशाकर्मी पत्रकारको तितो आलोचना हुने गरेको छ । कतिपय आलोचना स्वभाविक देखिन्छ भने कतिपय आलोचना पूर्वाग्रहप्रेरित देखिन्छ । पत्रकारिता पेशा आफैंमा अपजसिलो पेशा हो । सत्य नरुचाउने, जिम्मेवारीबोध नगर्ने हाम्रो समाजमा राम्रा पत्रकार स्थापित हुन नसक्ने, नराम्रा पत्रकारको हालीमुहाली हुने खराब प्रवृत्तिका कारण पत्रकारिता पेशा र पत्रकार दुबै आलोचनाको घेरामा छ ।

पत्रकारिताको विषयमा आम नागरिकको बुझाई, सञ्चार माध्यममा आम मान्छेको पहूँचका कारण आज पत्रकारिताको अभ्यास पत्रकारमा मात्रै सीमित छैन । एकजना सचेत नागरिकले आफ्नो चेतनाको उपयोग गरेर समाजलाई, सरोकारवालालाई सतर्क गराउन कुनै कठिनाई छैन । यद्यपि पत्रकारले प्रस्तुत गर्ने समाचार र विचार जस्तो आम नागरिकले प्रस्तुत गर्ने विषय समान हुन सक्दैन । पत्रकारको व्यावसायिक चरित्र गिरेका कारण आज पत्रकार र पत्रकार सम्वद्ध निकायको आलोचना भइरहेको छ ।

पत्रकार महासंघ श्रमजीवी पत्रकारको साझा संगठन भने पनि महासंघको भूमिका, नियमित क्रियाकलापले महासंघलाई श्रमजीवी पत्रकारको संस्था जस्तो बनाउन सकेको देखिँदैन । संघीय, प्रदेश, जिल्ला, प्रतिष्ठान विभिन्न तहमा महासंघको संरचना विकसित गरे पनि कुनै पनि तहबाट आवश्यकताअनुसारको काम हुन सकेको देखिन्न । यतिबेला नेतृत्व र साधारण सदस्यदेखि सरोकारवाला र आम नागरिकले समेत पत्रकार र पत्रकारको संस्थाको कमजोर स्थितिलाई मनन् गरेर यसो हुन नहुने धारणा राख्दै आएका छन् । पत्रकार र पत्रकारिता कमजोर हुँदा समाजलाई ठीक बाटोमा हिँडाउन, डोऱ्याउन समस्या हुने गरेको सरोकारवालाको बुझाई छ । स्वयम् पत्रकार र पत्रकार महासंघका पदाधिकारी समेतले आजको वास्तविकता बुझेर स्वयम् व्याख्या गर्ने अवस्था रहेको छ ।

यस्तो सन्दर्भमा आज हुने मतदान महासंघ र पत्रकारिता पेशालाई सुधारको बाटोमा अग्रसर गराउने असवर हुन सक्छ । पत्रकार महासंघलाई साझा संस्थाको रुपमा विकसित गर्ने, सञ्चार माध्यमको संस्थागत विकास गर्ने, सञ्चारकर्मीको पेशागत अभिवृद्धिका लागि योगदान गर्न सक्ने सक्षम नेतृत्व चयनमा मतदाता सञ्चारकर्मीले ध्यान दिनु जरुरी छ । जिल्ला तहबाटै मतदान गरिने भएकोले संघीय समिति र प्रदेश समितिका उम्मेदवारका विषयमा केही अध्ययन गर्नुपर्ने अवस्था देखिन्छ भने जिल्ला तहमा नेतृत्व चयन गर्दै गर्दा आकांक्षीको सीप, दक्षता, क्षमता, कार्यशैली, व्यवहारका बारेमा मनन् गरेर मतदान गर्ने अवस्था रहनुपर्छ । एक कार्यकाल अर्थात् तीन वर्षको अवधिमा सक्षम नेतृत्वले व्यावसायिक संगठनमा धेरै काम गर्न सक्छ । जसले पत्रकारिताको साख र पत्रकारको इज्जत बढाउन, क्षमता विकास गर्न योगदान गर्न सक्छ । त्यस्तो सक्षम उम्मेदवार चयनमा मतदाता पत्रकारले आफ्नो क्षमता प्रस्तुत गर्न सके अनिश्चितताका बीच निश्चित भएको महासंघको निर्वाचन कार्यक्रमले सार्थकता पाउनेछ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५	चित्लाङ इलाका	६२१०००
जिल्ला प्रहरी कन्ट्रोल	१००	वारुण यन्त्र	१०१
ट्राफिक प्रहरी	१०३	बालबालिका खोजतलास केन्द्र	१०४
वडा प्रहरी	५२०२९९	बाल हेल्पलाइन	१०९८
पशुपतिनगर इलाका	५२०५९८	हेलो सरकार	११११
मनहरी इलाका	९८५५०९०१६१	नेपाल टेलिकम सोधपुछ	१९७
भीमफेदी इलाका	६९१४६२	एम्बुलेन्स	१०२
पालुङ इलाका	६२०४६७	नेपाल विद्युत प्राधिकरण गुनासो	११५०
फापरबारी इलाका	६२१९८०		

तपाईंको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : मान–प्रतिष्ठा बढाउन सकिने समयको योग रहेको छ ।
वृष : साथीभाइले महत्वपूर्ण काममा सहयोग गर्ने समय छ ।
मिथुन : बुद्धि र विवेकको प्रयोगले काममा पूर्णता प्राप्त होला ।
कर्कट : लगनशीलताले प्रतिष्ठा प्राप्ती योग रहने समय छ ।
सिंह : अधिकार प्राप्तीका लागी गरिएका काममा सफलता प्राप्ती ।
कन्या : बोलीलाई नियन्त्रण गर्दा विशेष लाभकारक रहला ।
तुला : आनन्द र रमणीयका लागी समय खर्च हुने समय छ ।
वृश्चिक : बन्दव्यापार र कारोबारका क्षेत्रमा ठिकै रहला ।
धनु : खानपान र मनोरञ्जनका लागी राम्रै समय छ ।
मकर : घरायसी समस्याका बारेमा समय बित्ला ।
कुम्भ : सार्वजनिक स्थानहरुको भ्रमणमा समय व्यतित होला ।
मीन : धार्मिक तथा सामाजिक काममा सरिक भइने छ ।

‘अहिले विवाह व्यक्तिको चाहना र स्वतन्त्रतासँग जोडिएको छ’

डा. टीकाराम गौतम

मान्छे किन एक्लै बस्न खोज्छ र एक्लै बस्न कुन बेला सक्छ भन्नेले नै सम्बन्ध विच्छेदमा विशेष भूमिका र अर्थ राख्छ ।

सामाजिक आवश्यकता र सामाजिक सम्बन्धको स्वरूपले व्यक्तिहरूलाई एक ठाउँमा ल्याएको हुन्छ । व्यक्तिबिचको सम्बन्धलाई सामाजिक संरचना, उत्पादन प्रणाली, अर्थ-व्यवस्था, राजनीतिक प्रणाली आदिले नियन्त्रण र निर्धारण गरेको हुन्छ । अर्थात् यी कुराले व्यक्तिको व्यवहारलाई नियन्त्रण वा निर्धारण गर्छ ।

हिजोको समाज धेरै पितृसत्तात्मक थियो । एक व्यक्तिको कमाइमा परिवारका धेरै सदस्यले जीविकोपार्जन गर्थे । परिवारमा महिला र पुरुष आ-आफ्नै क्षमतामा अलग-अलग उभिने सम्भावना कम थियो । किनभने उत्पादनको प्रमुख साधन भनेको जमिन मात्रै थियो । त्यो जमिनको स्वामित्व खास एउटा व्यक्तिमा केन्द्रित थियो । त्योबाहेक जिन्दगी चलाउने अरु अतिरिक्त स्रोत कम हुन्थे । त्यस कारण परिवारका अन्य सदस्य त्यही जमिनमाथि आश्रित हुनुपर्थ्यो । महिलाले म छुट्टै बसेर आफ्नो खुट्टा उभिन्छु भन्नलाई पनि जमिन आफ्नो स्वामित्वमा हुनुपर्थ्यो ।

अहिले जस्तो आयआर्जन गर्ने आधार र अवसर पहिलेको सामन्तवादी वा जमिनमा आधारित प्रणालीमा थिएन । आय-आर्जनका अवसर कम भएकाले पनि महिलाहरू परिवारसँग जोडिएर रहनुपर्ने, एक ठाउँमा रहनुपर्ने लगायत धेरै खालका बाध्यता हिजोका दिनमा थिए । आज महिलाले कानुनी अधिकार पाएका छन् । समावेशी र आरक्षणको नीतिले महिलाहरुको उपस्थिति राजनीतिदेखि सरकारी सेवामा देखिएको छ । देशमै केही गर्नेदेखि वैदेशिक रोजगारीसम्मका कुरा छन् । यी सबैले एक्लै पनि केही न केही गर्न सक्छु भन्ने हिम्मत महिलामा बढेको अवस्था छ ।

हिजोको दिनमा अन्याय वा विभेद सहेरै भए पनि बस्नुपर्छ, पारिवारिक विघटनमा जानुहुँदैन भन्ने थियो । अहिले आएर शिक्षा लगायत विविध कारणले मान्छेको चेत बढ्यो । विभेद, अन्याय र असमानता सहेर बस्ने होइन त्योबाट मुक्ति पाउनुपर्छ, व्यक्ति स्वतन्त्र हुनुपर्छ भन्ने सचेतना बढ्दै गयो । वैवाहिक सम्बन्धमा रहिरहँदा त्यो खालको स्वतन्त्रता हनन हुने अथवा स्वतन्त्रता सीमित हुने अवस्था देखेपछि सम्बन्ध विच्छेद गरेर स्वतन्त्र भई आफ्नै खुट्टामा उभिने चाहना बढेको देखिन्छ ।

जो बढी पढेको छ, संसार बुझेको छ, जसले धेरै कमाउँछ, जसको आम्दानी बढी हुन्छ, जो आफैँ कमाउन सक्छ, उसले आफूलाई असहज हुने अवस्थामा सम्झौता गरेर नबस्न सक्छ । यस्तै, व्यक्तिगत रुचि, इच्छा, आकांक्षा र उद्देश्यले पनि सम्बन्धमा प्रभाव पारेका हुन्छन् । आफ्नो रुचि वा उद्देश्यमा ठेस लाग्ने अवस्था आउँदा पनि मानिसले छुट्टिनेबारेमा सोच्न सक्छ ।

अहिले महिलाहरूका समस्या, पीडा अथवा उनीहरूले भोग्दै आएका विभेदलाई संगठित रुपमा बोकिदिने अरु एजेन्सी अथवा संयन्त्र छन् । यसले गर्दा महिलाहरुले विभेद र अन्यायबारे बुझ्ने अवसर पाएका छन् । कतिसम्म सहने, के कुरामा सम्झौता गर्ने वा नगर्ने भन्ने उनीहरूको क्षमतासँग जोडियो । आफ्ना कुरा राख्ने, विभेद र असमानताका विरुद्धमा बोल्ने र न्याय खोज्नका लागि महिलाहरुलाई धेरै कुराले साथ दिएको छ ।

पछिल्लो समयको सामाजिक संरचना, उत्पादन प्रणाली, लोकतान्त्रिक व्यवस्था, विज्ञान र प्रविधिको विकास आदिले व्यक्तिलाई स्वतन्त्र भएर गरिखाने वातावरण निर्माण गरेको छ । स्वतन्त्र भएर वा दम्पतीबिच छुट्टिएर बस्न सक्ने कानुनी आधारहरू पनि छन् । यी सबैले गर्दा सम्बन्ध विच्छेद हुने दर क्रमशः बढ्दै गइराखेको छ ।

भोलिका दिनमा पनि जति-जति विज्ञान प्रविधिसँगको पुँजीवादी उत्पादन प्रणाली बलियो हुँदै जान्छ, त्यति नै व्यक्तिको स्वतन्त्रताका घेरा फराकिला हुँदै जान्छन् । धेरैजसो कुरा वैयक्तिक बन्छन् । हिजोका दिनमा पारिवारिक वा सामाजिक माहोल थियो । विवाहलाई परिवारको बलियो आधार मानिन्थ्यो । अहिले विवाह भनेको व्यक्तिको चाहना र स्वतन्त्रताको विषय बनेको छ । व्यक्ति सक्षम र स्वतन्त्र भएको अवस्थामा धेरै कुरासँग सम्झौता गरेर एक ठाउँमा बस्नुपर्छ भन्ने मान्यता कमजोर हुँदै जान्छ । अर्थात् छुट्टिएर बस्ने बलियो आधार बन्छ ।

पहिले साथीभाइ, नातापाता, छिमेकी सबैले छुट्टिनु वा सम्बन्ध विच्छेद गर्नु हुँदैन भन्नेमा जोड दिन्थे । अहिले कुनै व्यक्तिले आफ्नो समस्या राख्यो भने साथीभाइ र नातापाताले नै अन्याय वा विभेद सहेर बसिरहनु हुँदैन भन्नेमा जोड दिन थालेका छन् ।

समाज सामन्ती उत्पादन प्रणालीबाट पुँजीवादी व्यवस्थातिर गएसँगै मानिस स्वतन्त्र हुन खोजेको देखिन्छ । सामूहिकतामा आधारित उत्पादन प्रणाली भएका बेला सम्बन्ध विच्छेदको दर कम हुन्छ, जति-जति उत्पादन प्रणाली वैयक्तिक हुन्छ, अथवा पुँजीवादी हुन्छ, अझ भन्ने हो भने प्राविधिक हुन्छ, त्यो हुँदै जाँदा व्यक्तिगत स्वतन्त्रताको दायरा फराकिलो हुने भएकाले सम्बन्ध विच्छेदको दरलाई बढाउँछ ।

एउटा यस्तो बिन्दु हुन्छ कि सन्तुलित उत्पादन प्रणाली हुँदा सम्बन्ध विच्छेदको दर स्थिर रहन सक्छ । पुँजीवादी उत्पादन प्रणालीको उच्चतम तह जहाँ उत्पादनका साधन तथा अवसरहरु अधिकतम निर्माण हुन्छन्, त्यस्तो बेला सम्बन्ध विच्छेदको दर स्थिर रहने सम्भावना बन्ने भयो । किनभने सम्बन्ध विच्छेदको दरलाई निर्धारण गर्ने उत्पादन प्रणाली, सामाजिक संरचना, अर्थतन्त्र, राजनीतिक प्रणाली आदि स्थिर भएका बेला सम्बन्ध विच्छेदको दर पनि स्थिर हुने सम्भावना रहन्छ ।

वैदेशिक रोजगारीमा गएर सम्बन्ध विच्छेद बढ्यो भनेर भन्न मिल्दैन तर यसले परिवारका सदस्यबिच अन्तर्क्रिया कम हुन्छ । विदेश जाँदा उनीहरूले सोच्ने कुरा, देखेको कुरा, कमाउने तरिका फरक हुन्छ । यसको प्रभाव दाम्पत्य जीवनमा पऱ्यो भने सम्बन्ध विच्छेदको सम्भावना बढ्न पनि सक्छ ।

अहिले सम्बन्ध विच्छेदको दर बाहिर गएकामा बढी छ कि नेपालभित्रै रहेकाहरुमा बढी छ भनेर हेर्दा बाहिर जानेहरूमा बढी छैन । घटनाहरूमा हामी त्यस्तो देख्छौँ । समग्रमा सम्बन्ध विच्छेदको दर बढेको छ । त्यसमा बहु कारण जिम्मेवार हुन सक्छन् ।

समाधान

दुवैलाई मिलाएर राख्नुपर्छ कि पर्दैन भन्ने बहसको विषय भयो । परिवारको कल्याण सँगै बस्दा हुने स्थिति छ भने सकेसम्म पारिवारिक विघटन नहुनु राम्रो हो । किनभने दम्पतीको मात्रै सम्बन्ध विच्छेद हुने होइन, बाबुआमाको सम्बन्ध विच्छेद हुँदा सन्तान पनि आमा वा बुवाको स्नेहबाट टाढा हुनुपर्ने अवस्था आउँछ । त्यसैले सकेसम्म बुझेर, बुझाएर, सच्चिएर सम्बन्धलाई बलियो बनाउँदा राम्रो हुन्छ ।

एक-अर्कादेखि टाढा बस्नुपर्दा अरुका विभिन्न कुरा सुनेर दूरी बढेको छ भने छलफल गर्न सकिन्छ । सम्बन्ध विच्छेदका कुरालाई बल पुऱ्याउने कुराहरू जे जति छन्, तिनीहरूलाई कम गरेर पारिवारिक मिलनलाई निरन्तरता दिइरहन सकिन्छ । यसका लागि सरकारले अथवा सरोकारवाला निकायले काम गर्न सक्छन् । तिनीहरूले विभिन्न पक्षहरु केलाएर दम्पतीलाई सम्बन्धमा रहन प्रेरित गर्न सक्छन् । अनावश्यक र अनुचित खालका सम्बन्ध निर्माण नगर्न सचेत गराउन सक्छन् ।

मूलतः सम्बन्ध विच्छेद के कारण हुन लाग्दै छ भन्ने बुझ्नुपऱ्यो । निराशाका कारण पनि व्यक्ति सम्बन्ध विच्छेदका लागि प्रेरित हुन सक्छ । यस्तोमा सबै पक्ष केलाएर दम्पतीले नै समाधान गर्न सक्ने अवस्था आउन सक्छ ।

(समाजशास्त्री तथा त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभागका उपप्राध्यापक डा. गौतमसँग रातोपाटीकर्मी कृष्णसिंह धामीले गरेको कुराकानीमा आधारित ।)

वन्यजन्तु संरक्षणमा युवाहरूको भूमिका !

✍अमृत पौडेल

नेपाल जैविक विविधतामा धनी देश हो, जहाँ दुर्लभ र संकटापन्न वन्यजन्तु प्रजातिहरु पाइन्छन् । तर अवैध सिकारी, वन विनाश, जलवायु परिवर्तन र मानव-वन्यजन्तु द्वन्द्वका कारण यी वन्यजन्तुको अस्तित्व जोखिममा छ ।

वन्यजन्तु संरक्षणको चुनौतीहरूलाई सामना गर्न युवाहरुको सक्रिय सहभागिता महत्वपूर्ण छ । विशेष गरी वन विज्ञान, वातावरण विज्ञान, भेटेरिनरी, प्राणी विज्ञान (जूलोजी) र अनुसन्धान क्षेत्रमा अध्ययन गरिरहेका युवाहरूको उल्लेखनीय भूमिका रहेको पाइएको छ । उनीहरुले आफ्नो ज्ञान, सीप, र नवाचारको प्रयोग गरेर वन्यजन्तु संरक्षण अभियानलाई थप सशक्त बनाउनुका साथसाथै नीति निर्माणदेखि जनचेतना अभिवृद्धि र प्रत्यक्ष संरक्षणसम्म महत्त्वपूर्ण भूमिका खेल्छन् ।

भेटेरिनरी क्षेत्रमा युवाहरूको योगदान

भेटेरिनरी क्षेत्रले पशु तथा वन्यजन्तुको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्न विशेष योगदान पुऱ्याउँछ । वन्यजन्तुहरु रोग, चोटपटक र अन्य स्वास्थ्य समस्याको सिकार हुन्छन्, जसले गर्दा उनीहरुको जीवन संकटमा पर्न सक्छ । भेटेरिनरी विज्ञानमा दक्ष युवाहरुले वन्यजन्तुहरूको रोग पहिचान, उपचार र पुर्नस्थापनामा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । साथै, उनीहरुले वन्यजन्तुको स्वास्थ्य व्यवस्थापन, खोप कार्यक्रम र रोगको रोकथाममा पनि ठुलो भूमिका निर्वाह गर्न सक्छन् ।

उदाहरणका लागि- गैंडा, बाघजस्ता संकटापन्न प्रजातिहरुको उपचार र दीर्घकालीन हेरचाहमा भेटेरिनरी शिक्षा अध्ययनरत युवाहरूले आफ्नो व्यावसायिक दक्षता देखाउन सक्छन् । वन्यजन्तु पुर्नस्थापना केन्द्रहरुमा कार्यरत भेटेरिनरी प्राविधिकहरुले वन्यजन्तुको स्वास्थ्य सुधारमा उल्लेखनीय योगदान दिन सक्दछन्, जसले वन्यजन्तु जनसंख्यालाई स्थिर राख्न मद्दत पुऱ्याउँछ । साथै, पशुबाट मानिसमा सर्ने विभिन्न जुनोटिक रोगहरूबाट बच्न भेटेरिनरी क्षेत्रको विशेष योगदान रहेको हुन्छ ।

वातावरण विज्ञान अध्ययन गर्ने युवाहरूको भूमिका

वातावरणीय संरक्षण र जलवायु परिवर्तनको असर कम गर्न वातावरण विज्ञानमा अध्ययनरत युवाहरुले महत्वपूर्ण भूमिका खेल्न सक्छन् । वातावरणीय असन्तुलन, प्रदूषण र वासस्थानको विनाशले वन्यजन्तुको जीवन चक्रमा प्रतिकूल प्रभाव पार्छ । यस अवस्थामा वातावरणविद्हरुले वासस्थान संरक्षण, वातावरणीय पुर्नस्थापना र जलवायु परिवर्तन अनुकूलनमा सक्रिय पहल गर्न सक्छन् ।

उदाहरणका लागि- उनीहरुले प्रदूषण नियन्त्रणका लागि नयाँ रणनीतिहरू विकास गर्न सक्छन्, जसले वन्यजन्तुको वासस्थानलाई सुरक्षित राख्न मद्दत गर्दछ । साथै, जैविक कृषि, हरित ऊर्जा र कार्बन फुटप्रिन्ट कम गर्ने पहलहरूमा युवाहरुको संलग्नता आवश्यक छ, जसले दिगो पर्यावरणीय सन्तुलनलाई कायम राख्छ ।

वन विज्ञानमा अध्ययनरत युवाहरूको भूमिका

वन विज्ञानमा संलग्न युवाहरुले वन्यजन्तुको वासस्थान संरक्षण र दिगो वन व्यवस्थापनमा विशेष योगदान गर्न सक्छन् । वन्यजन्तुहरुको वासस्थान अधिकांश रुपमा वनमा निर्भर रहने भएकाले वन संरक्षण अनिवार्य छ । वन विज्ञानका विद्यार्थी तथा अनुसन्धानकर्ताले दिगो वन व्यवस्थापनका उपायहरुको विकास र कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । उनीहरुले वन क्षेत्रको पुर्नस्थापना, वृक्षारोपण, र स्थानीय समुदायलाई वन संरक्षणमा संलग्न गराउन पहल गर्न सक्छन् ।

साथै, अवैध काठ कटान र वन विनाश रोक्न युवाहरुले कानुनी मापदण्डहरुको पालन र अनुगमनमा पनि सहयोग गर्न सक्छन् । सामुदायिक वन व्यवस्थापनमा युवाहरुको सहभागिता बढाउनु आवश्यक छ, जसले वन संरक्षण र वन्यजन्तु संरक्षण दुवैलाई दीर्घकालीन बनाउँछ ।

प्राणी विज्ञान (जूलोजी) अध्ययन गर्ने युवाहरूको योगदान

प्राणी विज्ञान अध्ययनरत युवाहरू वन्यजन्तुको संरचना, व्यवहार, प्रजनन र पारिस्थितिकीय सम्बन्धको गहिरो अध्ययनमा संलग्न हुन्छन् । जूलोजीमा दक्ष युवाहरुले संकटापन्न प्रजातिहरुको अध्ययन गरेर तिनीहरुको संरक्षण रणनीति विकास गर्न सक्दछन् । उनीहरुले वन्यजन्तु प्रजातिहरुको संरक्षणमा अनुसन्धान, आकलन र जनसंख्याको निगरानीमा महत्वपूर्ण भूमिका खेल्छन् ।

...बाँकी पृष्ठ ३ मा

सिमेन्ट र छडको मूल्य बढ्यो

स्थानीय प्रशासनलाई निर्माण व्यवसायीको ध्यानाकर्षण

प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाललाई ध्यानकर्षणपत्र बुझाउँदै ।

समाज संवाददाता

हेटौंडाः निर्माण व्यावसायी संघ मकवानपुरले बजारमा सिमेन्ट, छडको भाउ बढेकोमा ध्यानाकर्षण गराएको छ । विभिन्न बाह्य देशका युद्ध लगायतका कारण आर्थिक मन्दि जस्ता समस्या भोग्दै आइरहेको वर्तमान अवस्थामा अर्थतन्त्रको सिद्धान्तलाई व्यवास्था गर्दै कार्टेलिङ्ग गरी हालै बजारमा सिमेन्ट, छडको भाउ बढाइएको गर्दा निर्माण व्यवसायीहरुले आफ्नो काम गर्न समेत नसकिने अवस्था सिर्जना भएको भन्दै जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाललाई ध्यानाकर्षण गराएको हो ।

बजारमा अव्यवहारिक एवम् अवैज्ञानिक ढंगले सिमेन्ट उधोगीहरुले सिमेन्ट लगायतका निर्माण सामग्री उत्पादनसँग सम्बन्धित इन्धन, डुवानी, कामदार (मजदुर) सहित कुनै पनि कच्चा पदार्थमा मुल्यवृद्धि नहुँदा पनि कार्टेलिङ्ग गरी पटक पटक प्रति बोरा रु २ सय रुपैयाँ सिमेन्टमा र डण्डी (छड) मा प्रतिकेजी २० रुपैयाँका दरले मूल्यवृद्धि गरिनु कानून विपरित रहेको ठहराउँदै निर्माण व्यावसायी संघले आपत्ती जनाएको छ ।

यस्तै म्याद थपमा देखिएको समस्यासँगै हाल निर्माण व्यवसायीहरुको बाँकी रहेको भुक्तानीहरु नपाएको हुँदा आफूहरु धराशायी स्थितिमा पुगेको खण्डमा अप्रत्याशित रुपमा भएको सिमेन्ट, छडको मुल्यवृद्धि अविलम्ब, खारेज गरी आम उपभोक्तालाई राहत दिन हाल बजारका निर्माण सामग्रीहरुमा अत्याधिक रुपले भएको मुल्यवृद्धि नियन्त्रण हुनुपर्ने ज्ञापनपत्र मार्फत माग गरेका छन् । अप्रत्याशित मुल्यवृद्धिलाई सम्बोधन हुनेगरी जिल्ला दररेट पुनरावलोकन गरी जिल्ला दररेटमा संशोधन गर्नु हुन व्यावसायीले अनुरोध गरेको अप्रत्याशित र अव्यवहारिक मुल्यवृद्धि नियन्त्रण नभए सम्पूर्ण निर्माण क्षेत्र प्रभावित भई सबै तर्फ नकारात्मक असर हुने तथा निर्माण व्यवसायीहरु थप आन्दोलनमा जान बाध्य हुने चेतावनी दिएको छ ।

शिक्षकलाई दलीय राजनीतिमा रोक लगाउन विज्ञको जोड

काठमाडौः शिक्षकलाई दलीय राजनीतिबाट टाढा राख्न शिक्षाविद्ले माग गरेका छन् । शिक्षक र प्राध्यापक राजनीतिक दलमा सक्रिय हुन नपाउने व्यवस्था शिक्षा ऐनमै गर्नुपर्नेमा उनीहरूले जोड दिएका छन् ।

प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिमा विद्यालय शिक्षा विधेयकमाथि बुधबार भएको छलफलमा विज्ञहरूले शिक्षा क्षेत्रलाई सेवामूलक बनाउनुपर्ने र विद्यालय शिक्षाको अधिकार स्थानीय तहमै रहनुपर्ने सुझाव दिए ।

शिक्षकलाई दलीय राजनीतिबाट रोक लगाउनुपर्ने र उनीहरूलाई सेवासुविधा आकर्षक बनाउनुपर्ने उनीहरूको भनाइ थियो । शिक्षा क्षेत्रलाई गैरनाफामूलक बनाउँदै सार्वजनिक शिक्षालाई सुदृढ बनाउनुपर्नेमा उनीहरूले जोड दिए । समितिले विधेयकमाथि संशोधनकर्ता सांसदसँग छलफल सकेपछि दफाबार छलफलअघि विज्ञको सुझाव लिएको हो ।

समितिको छलफलमा शिक्षाविद् तथा त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमाले नाफामूलक विद्यालय सञ्चालनमा रोक लगाउनुपर्ने बताए । 'शिक्षामा निजीकरण बढ्दै गएको छ । सार्वजनिक विद्यालयबाट विद्यार्थी भागाभग छ,' उनले भने, 'शिक्षा जुन गति र दिशातर्फ जानुपर्ने थियो, त्यसतर्फ गएको छैन ।'

माथेमाले शिक्षकलाई दलीय राजनीति गर्न दिन नहुनेमा जोड दिए । 'शिक्षक र प्राध्यापक राजनीतिमा लाग्न मिल्दैन, विचार उहाँहरूको अधिकारको कुरा हो तर त्यसलाई राजनीतिबाट पर राख्नुपर्छ,' उनले भने । शिक्षक विद्यालय व्यवस्थापन समितिसँग उत्तरदायी हुनुपर्ने र विद्यालय 'बोर्ड अफ ट्रस्टी' मोडलबाट सञ्चालन गर्नुपर्ने उनले बताए ।

शिक्षाविद् मीनबहादुर बिष्टले नेपालको शिक्षा प्रणाली राजनीतिक दल, व्यापारी, कर्मचारी र शिक्षकको स्वार्थको चक्रव्यूहमा फसेको टिप्पणी गरे । 'शिक्षा विधेयकको हरेक पृष्ठमा राजनीतिकतन्त्र र कर्मचारीतन्त्रको गन्ध आउँछ,' उनले भने, 'निःशुल्क शिक्षा राजनीतिक कारणले भनिन्छ तर कार्यान्वयन हुँदैन ।'

शिक्षाविद् विष्टले विश्वभर नै शिक्षकको अभाव हुन थालेकाले त्यसतर्फ ध्यान दिन सांसदहरूलाई आग्रह गरे । उनले भने, 'शिक्षकको संकट नेपालमा पनि आउँदै छ । उनीहरूलाई ज्यामीको जस्तो व्यवहार गरेर हुँदैन । राज्यले सेवासुविधा बढाएर आकर्षण गर्नुपर्छ ।'

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक टंकनाथ धमलाले विद्यालय र विश्वविद्यालयमा दलीय राजनीतिका गतिविधिमा रोक लगाउनुपर्ने बताए । सार्वजनिक शिक्षालाई सरकारी लगानी बढाएर दरिलो पार्नुपर्ने उनको भनाइ थियो । 'सरकारी विद्यालय स्तरीय भए निजी स्वतः बन्द हुन्छन्,' धमलाले भने । उनले गणित र विज्ञान विषय अंग्रेजी माध्यममा पठनपाठन गराउने विधेयकको व्यवस्थाको विरोध गरे ।

शिक्षाविद् टीका भट्टराईले कार्न्यान्वयन हुने गरी ऐन बनाउन सांसदलाई आग्रह गरे । 'निजी विद्यालय विस्थापित नभएसम्म सार्वजनिक विद्यालयको सुधार सम्भव हुँदैन,' उनले भने, 'निजी स्कुलका फाइदा मात्रै हेरेर पुग्दैन । दुष्प्रभाव पनि मूल्यांकन गर्न जरुरी छ ।' अर्का शिक्षाविद् विष्णु कार्कीले विधेयक पारित हुनुअघि शिक्षा कस्तो र कसका लागि भन्ने विषयमा सांसद स्पष्ट हुनुपर्ने बताए । कम्तीमा २० वर्षका लागि हुने गरी ऐन जारी गर्नुपर्ने उनको भनाइ थियो ।

प्राध्यापक विनय कुसियतले शिक्षा कस्तो हुने भन्ने दृष्टिकोणमा स्पष्ट हुन आग्रह गरे । 'राज्यले स्वामित्व लिएर शिक्षालाई निःशुल्क बनाउनुपर्छ,' उनले भने, 'त्यसका लागि लगानी चाहिन्छरु। लगानी कसले गर्ने भन्नेमा स्पष्ट हुनुपर्छ ।'

बालविकास विशेषज्ञ मीनाक्षी दाहालले बालविकास कक्षा (ईसीडी) का विषयमा राज्य स्पष्ट हुनुपर्ने बताइन् । बालविकासमा अध्यापन गराउने शिक्षकको मानसिक र शारीरिक स्वास्थ्य परीक्षण प्रत्येक वर्ष गर्ने व्यवस्था जरुरी रहेको उनको भनाइ थियो ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले विद्यालय शिक्षाको अधिकार स्थानीय तहमा हुनुपर्ने बताए । विदेशी बोर्डका विद्यालय सञ्चालनमा रोक लगाउनुपर्ने उनको भनाइ थियो ।

पूर्वसचिव जनार्दन नेपालले निजी विद्यालय स्थापना र सञ्चालनबारे स्पष्ट गर्न सांसदसँग आग्रह गरे । शिक्षा विभागका पूर्वमहानिर्देशक तुलसीप्रसाद थपलियाले जिल्लापिच्छेभन्दा पनि ३/४ जिल्ला हेर्ने गरी शिक्षा कार्यालय राख्न उपयुक्त हुने बताए ।

शिक्षाविद् सुनिता मलेगो अमात्यले शिक्षासम्बन्धी कानुन बनाउँदा फरक क्षमता भएका बालबालिकाकाबारे ध्यान दिनुपर्ने बताइन् ।

(स्रोतः ईकान्तिपुर)

इलाम गोल्डकप

रेडस्टारलाई हराउँदै डिफेन्डिङ च्याम्पियन एनआरटी फाइनलमा

इलामः डिफेन्डिङ च्याम्पियन न्यूरोड टिम (एनआरटी) इलाम गोल्डकपको फाइनलमा प्रवेश गरेको छ ।

इलाममा जारी एनआरएनए दोस्रो इलाम गोल्डकप प्रतियोगिताको दोस्रो सेमिफाइनल खेलमा झापाको रेडस्टार फुटबल क्लबलाई २-१ गोलले पराजित गर्दै एनआरटी फाइनलमा प्रवेश गरेको हो ।

एनआरटीका लागि इलाम गोल्डकपमा डेब्यु गरेका अञ्जन विष्टले एनआरटीका लागि डेब्यु गोल गर्ने अवसर प्राप्त गरे । खेलको ४५औं मिनेटमा अञ्जनले पेनाल्टीमार्फत गोल गर्दै अग्रता दिलाएका थिए । डिबक्सभित्र अञ्जन विष्टलाई रेडस्टारका विशाल दर्जीले फाउल गरेपछि एनआरटीले पेनल्टीको अवसर पाएको थियो ।

पहिलो हाफमा एक गोलले अग्रता पाएको एनआरटीले दोस्रो हाफको ८ मिनेटसम्म पनि अग्रता जोगाउन सकेन । ५३औं मिनेटमा रेडस्टारका विदेशी खेलाडी इमानुएल बोटेजले बराबरी गोल गरे ।

खेलको ६१औं मिनेटमा एनआरटीले पाएको अवसरलाई विवेक गुरुङले सदुपयोग गर्दै निर्णयक गोल गरे । डिबक्सबाट प्रहार गरेको बलले जाली चुमेपछि डिफेन्डिङ च्याम्पियन एनआरटीले उपाधिका लागि चर्च ब्वाइजसँगको भेट पक्का गरेको हो ।

खेलमा एनआरटीका अञ्जन विष्ट म्यान अफ दी म्याच घोषित भए । एनआर टीले जीटीए दार्जिलिङ भारत र रेड स्टारले मच्छिन्द्र फुटबल क्लबलाई पराजित गर्दै सेमिफाइनलको यात्रा तय गरेको थियो ।

२२ मंसिरदेखि सुरु भएको गोल्डपको फाइनल खेल २९ मंसिरमा हुनेछ । यस गोल्डकपको विजेताले १० लाख र उपविजेताले ५ लाख रुपैयाँ प्राप्त गर्नेछ ।

(स्रोतः अनलाईनखबर)

नेपाल सुपर लिग १६ चैतदेखि सुरु हुने

काठमाडौं: नेपाल सुपर लिग (एनएसएल) फुटबलको तेस्रो संस्करण आउँदो चैतमा हुने भएको छ । आयोजक नेपाल स्पोर्ट्स एण्ड इभेन्ट म्यानेजमेन्ट (एनएसइएम) का अनुसार एनएसएलको तेस्रो संस्करण आउने चैत १६ गते (चैत १६) देखि हुने छ ।

एनएसइएम र अखिल नेपाल फुटबल संघ (एन्फा) ले एनएसएलको नयाँ संस्रकण घोषणा गर्नु पाउनु सुखद भएको बताएको छ । यस्तै एनएसइएमका म्यानेजिङ डिरेक्टर श्रेयांस कार्कीले तेस्रो संस्करण घोषणा गर्न पाउँदा उत्साहित भएको बताएका छन् । कार्कीले एनएसएललाई फुटबलका सबै स्टेक होल्डरहरुले उत्साहका साथ हेर्ने भन्दै अब हुने सिजन अझ बेटर हुने बताए ।

यस्तै एन्फा महासचिव किरण राईले एनएसएल नेपालको फुटबल विकासमा महत्वपूर्ण हुने र क्यालेन्डरमै समावेश हुने बताए । एनएसएलअघि नेपालले मार्च २५ अर्थात चैत १२ गते एएफसी एसियन कप तेस्रो चरण छनोट अन्तर्गत घरेलु मैदानमा मलेसियासँग खेल्नेछ ।

पहिलो संस्करणको एनएसएलको उपाधि काठमाडौं रेजर्सले जितेको थियो भने दोस्रो संस्करणको उपाधि ललितपुर सिटी एफसीले जितेको थियो ।

(स्रोतः अनलाईनखबर)

वन्यजन्तु संरक्षणमा...

जूलोजीमा अध्ययन गरेका युवाहरुले विशेष गरी दुर्लभ र संकटापन्न प्रजातिहरुको जनसंख्या व्यवस्थापनमा प्रजनन कार्यक्रमहरुमा संलग्न भएर योगदान पुऱ्याउँछन् । यसका साथै, उनीहरुले वन्यजन्तुको आहार, व्यवहार र उनीहरुको पारिस्थितिक भूमिकाको गहन अध्ययन गरेर प्रभावकारी संरक्षण उपायहरूको सिफारिस गर्छन् ।

अनुसन्धानमा युवाहरूको योगदान

वन्यजन्तु संरक्षणको दीर्घकालीन सफलता अनुसन्धान र तथ्यांकमा आधारित रणनीतिमा निर्भर हुन्छ । भेटेरिनरी, वातावरण विज्ञान, वन विज्ञान र प्राणी विज्ञानमा संलग्न युवाहरुले वन्यजन्तुको स्वास्थ्य, वासस्थान र पारिस्थितिकीका विभिन्न पक्षहरूमाथि वैज्ञानिक अनुसन्धान गर्न सक्छन् । अनुसन्धानले वन्यजन्तुको जनसंख्या गिरावटका कारण पहिचान गर्न, अवैध सिकारीको प्रभाव मापन गर्न र संरक्षण रणनीतिहरु तयार पार्न महत्वपूर्ण भूमिका खेल्छ ।

युवाहरुले दिगो प्रविधि र नवाचारहरुको अनुसन्धान गरेर वन्यजन्तु संरक्षणका लागि नयाँ समाधानहरु निकाल्न सक्छन् उदाहरणका लागि- जैविक विविधता संरक्षणमा प्रयोग हुने प्रविधिहरु, वासस्थान पुर्नस्थापना र जलवायु परिवर्तनको असरबारे गरिएको अनुसन्धानले संरक्षण नीति र कार्यान्वयनमा सघाउँछ ।

नीति निर्माण र कार्यान्वयनमा युवाहरूको भूमिका

वन्यजन्तु संरक्षणका लागि प्रभावकारी नीति निर्माण र तिनको कार्यान्वयन महत्वपूर्ण छ र युवाहरुको सहभागिता यस क्षेत्रमा अनिवार्य छ । युवाहरुले वैज्ञानिक दृष्टिकोणबाट नीति निर्माण प्रक्रियामा आफ्नो आवाज उठाउन सक्दछन्, जसले दिगो संरक्षण रणनीतिहरु विकास गर्न मद्दत पुऱ्याउँछ ।

उदाहरणका लागि- राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रहरूको संरक्षणका लागि कानुनी नीति निर्माणमा युवाहरूले स्थानीय समुदायसँग सहकार्य गरेर सुझाव दिन सक्छन्, युवाहरुको सक्रिय सहभागिताले सरकार र सम्बन्धित निकायहरुलाई वन्यजन्तु संरक्षणका लागि आवश्यक नीतिहरु कार्यान्वयन गर्न दबाब सिर्जना गर्न सक्दछ । साथै, युवाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संरक्षण कानुनको पालना र कार्यान्वयनमा पनि महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

युवाहरूले जनचेतना अभिवृद्धि गर्न र शिक्षा अभियान सञ्चालन गर्न सक्दछन् । भेटेरिनरी, वातावरण विज्ञान, वन विज्ञान, र जूलोजीका विद्यार्थीहरूले आफ्नो ज्ञान र अनुसन्धानको प्रयोग गरेर स्थानीय समुदायमा वन्यजन्तु संरक्षणको महत्व बुझाउन मद्दत गर्न सक्छन् । उनीहरुले शैक्षिक कार्यक्रमहरु, कार्यशाला, र गोष्ठीको आयोजना गरेर विद्यार्थीहरूलाई वन्यजन्तु संरक्षणमा संलग्न गराउन सक्छन् ।

जनचेतनाको अभावले गर्दा अवैध सिकारी र वन्यजन्तुको दोहन जस्ता समस्या बढ्ने भएकाले युवाहरुको शिक्षामूलक अभियानले समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्छ ।

प्रविधि र नवाचारको उपयोग

वन्यजन्तु संरक्षणमा प्रविधिको प्रभावकारी प्रयोग महत्वपूर्ण छ र यसमा युवाहरुले विशेष योगदान गर्न सक्छन् । आधुनिक प्रविधिको प्रयोगले वन्यजन्तुको अध्ययन, अनुगमन र संरक्षणका गतिविधिहरु सजिलो बनाएको छ । उदाहरणका लागि- ड्रोन, जिपिएस र क्यामेरा ट्र्यापिङले दुर्लभ वन्यजन्तुको गतिविधि ट्र्याक गर्न मद्दत गर्दछ, जसले वन्यजन्तुको जनसंख्या व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्छ ।

यस्तै, भेटेरिनरी क्षेत्रमा टेलिमेडिसिनको प्रयोग गरेर जंगली जनावरहरुको स्वास्थ्य जाँच गर्न सकिन्छ जसले दूरदराजका संरक्षित क्षेत्रमा रहेका वन्यजन्तुहरूको उपचारमा सहयोग पुऱ्याउँछ ।

वन्यजन्तु संरक्षणसँगै युवाहरूले वन्यजन्तु पर्यटनलाई प्रवर्द्धन गरेर आर्थिक अवसरहरू सिर्जना गर्न सक्छन् । नेपालका संरक्षित क्षेत्रहरु र राष्ट्रिय निकुञ्जहरु वन्यजन्तु पर्यटनका लागि महत्वपूर्ण गन्तव्य हुन्, जसले स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउँछ । पर्यटनले युवाहरूलाई संरक्षण गाइड, अनुसन्धानकर्ता, भेटेरिनरी प्राविधिक, र वन संरक्षण कर्मचारीका रुपमा काम गर्ने अवसर प्रदान गर्दछ । वन्यजन्तु पर्यटनले रोजगार सिर्जना गर्नुका साथै संरक्षणको आवश्यकता र यसको आर्थिक महत्वबारे जनचेतना पनि फैलाउँछ ।

यसर्थमा हेर्दा वन्यजन्तु संरक्षणमा युवाहरूको भूमिका अनिवार्य छ, विशेष गरी भेटेरिनरी, वातावरण विज्ञान, वन विज्ञान, जूलोजी र अनुसन्धानका क्षेत्रमा कार्यरत तथा अध्ययनरत युवाहरुको । उनीहरुको नवीन सोच, प्रविधिको प्रयोग, अनुसन्धान र जनचेतना अभियानले वन्यजन्तुको संरक्षणका लागि नयाँ दृष्टिकोण प्रस्तुत गर्छ । नीति निर्माण र कार्यान्वयनमा उनीहरुको सक्रिय सहभागिताले संरक्षणका प्रयासहरुलाई थप बलियो बनाउँछ ।

युवा शक्ति र वैज्ञानिक दृष्टिकोणको सही संयोजनले मात्र वन्यजन्तुको दिगो संरक्षण र जैविक विविधताको सुरक्षामा दीर्घकालीन सफलता प्राप्त गर्न सकिन्छ ।

(स्रोतः सेतोपाटी)

श्री मालपोत कार्यालय मकवानपुरबाट मितिः २०८१/०८/२५ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदकः वर्ती राई (पत्नि)
जग्गावालाः सोम बहादुर राई (पति)

यसमा जिल्ला मकवानपुर साविक फापरवारी गाविस वडा नं. ८ का निम्नानुसारका जग्गाहरु मरो पति सोम बहादुर राईको नाममा नाप नक्सा भई दर्ता गर्न छुट भएकोमा निज मेरो पति सोम बहादुर राईको मिति २०७१/०४/०८ मा मृत्यु भईसकेकोमा निजको हक खाने निजकी एक मात्र पत्नि वर्ती राईको र छोराहरु जेठा काले राई र कान्छो टिकाराम राई र ४ जना छोरीहरु भएकोमा ती सबै छोरीहरुको विवहादान भईसकेको र दुई छोराहरुको मंजुरीले म पत्नि वर्ती राईको नाममा एकलौटी छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनि बकैया गाउँपालिका ७ नम्बर वडा कार्यालयको च.नं. ११९६ मिति २०८०/११/२९ को छुट जग्गा दर्ता सम्बन्धी हकभोग खुलेको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, वडा सर्जमिन मुचुल्का, साविक लगत, फिल्डबुक उतार तथा मृत्यु दर्ता समेत संलग्न राखी यस कार्यालयमा द.नं. ०९ मिति २०८०/११/२७ मा माग दावी निवेदनहरु पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः तल उल्लेखित जग्गाहरु निवेदकको नाममा छुट जग्गा दर्ता, नामसारी गरिदिँदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, नामसारी गर्न नमिल्ने भएमा वा निवेदकका माग दावी सत्य नभई झुठा भए वा निवेदक भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सँधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले ३५ (पैंतीस) दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

तपसिल

सि. नं.	फिल्डबुकको व्यहोरा						साविक लगतको विवरण
	जग्गावाला	साविक गाविस नपा.	वडा नं.	कित्ता नं.	क्षेत्रफल (वि.ज.)	कैफियत/ निवेदक	
१	सोम बहादुर राई गा.पं. फापरवारी वडा नं. ८ बुबा-मंगले (सानो मंगले) बाजे-रुन्चे (तुल वीर)	फापरवारी	८	२१० १०१ ११० १३२ १४६ १६१ १७९	०-२-८ ०-९-१७ ०-५-८ ०-३-१० ०-०-१५ ०-०-११ ०-२-९	वर्ती राई	जिल्ला मकवानपुर, फापरवारी, मौजे-भीरकोट, रै.नं. ३१ को जग्गाधनी सोम बहादुर राई

यु-१५ ८ ए साइड फुटबल प्रतियोगिता सुरु

रेफ्रीलाई बल हस्तान्तरण गरेर प्रतियोगिताको उद्घाटन गरिँदै ।

समाज संवाददाता

हेटौंडाः हेटौंडामा यु-१५ ८ ए साइट फुटबल प्रतियोगिता सुरु भएको छ । हेटौंडा-५ स्थित पिप्ले युवा क्लबको आयोजनामा यु-१५ ८ ए साइड खुल्ला फुटबल प्रतियोगिताका सुरु भएको हो । हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा बिहीबारबाट सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा नागस्वती फुटबल एकेडेमीको टिमले विजयी सुरुवात गरेको छ । उद्घाटन खेलमा हेटौंडा-१८ हर्नामाडीस्थित सिर्जनशील क्लबलाई ३-१ गोलले पराजित गरेको छ । यस्तै बिहीबारकै दोस्रो खेलमा दिव्या स्पोर्टस एकेडेमीले जित निकालेको छ। पञ्चशील युवा क्लबलाई हराउँदै दिव्या स्पोर्टस एकेडेमीले जित निकालेको हो ।

यस्तै तेस्रो खेलमा बार्सा हेटौँडाको टिमले जित निकालेको छ । ज्ञानज्योति युवा क्लबलाई ४-१ गोलअन्तरले हराउँदै बर्सा हेटौँडाले जित निकालेको हो। चौंथो खेलमा कमाने एकेडेमीको टिम विजयी भएको छ। चौघडा स्पोर्टस एकेडेमीलाई ४-१ गोलले हराउँदै कमाने एकेडेमीले जित निकालेको हो । यस्तै पाचौं खेलमा पिप्ले युवा क्लब विजयी भएको छ । शिखर क्लब पालुङलाई १-० गोलले हराउँदै पिप्ले युवा क्लब विजयी भएको हो । प्रतियोगिता आयोजना गर्नका लागि हेटौंडा उपमहानगरपालिकाको ५ नम्बर वडा कार्यालयले करिब २ लाख ५० हजार रुपैयाँको बजेट बिनियोजन भएको छ ।

क्लबका अध्यक्ष सुविन घिमिरेको सभाध्यक्षमा तथा बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव दीपक लामाको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन कार्यक्रम भएको हो। उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, मकवानपुर जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइराला लागायत विभिन्न खेल क्षेत्रमा आवद्ध भएका पदाधिकारीहरुको उपस्थिति रहेको थियो। प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले ५ हजार ५ सय रुपैयाँ, उत्कृष्ट फरवार्ड, डिफेन्डर, मिडल्फिडर, गोलरक्षक र प्रशिक्षकलाई जनही ३ हजार ५ सय रुपैयाँको नगद पुरस्कार प्राप्त गर्नेछ।

साहित्य लेखन ढिलो भयोः कथाकार मिरमा

'कफि एट किताबघर' को पहिलो श्रृंखलामा मि रमा प्रस्तुत हुनुहुँदै ।

समाज संवाददाता

हेटौंडाः हेटौंडास्थित किताबघरले 'कफी एट किताबघर' कार्यक्रम सुरु गरेको छ। किताबघरले सुरु गरेको 'कफी एट किताबघर' कार्यक्रममा कथाकार मि रमाले आफूले सुरु गरेको कथा लेखनको यात्राको बारेमा जानकारी दिनुभएको छ। २ सन्तानकी आमा मि रमा घरपरिवारको परिवारको साथ र सहयोगमै कथा लेखनमा अग्रसर हुन प्रेरित भएको बताउनुभयो ।

आफ्नो कथा लेखन अनुभवको बारेमा बताउनुहुँदै मि रमाले उहाँले आफू साहित्य लेखनको क्षेत्रमा छिट्टो नलागेको बताउनुभयो । लामो समयको अवधीमा काठमाडौं महानगरपालिकाको सञ्चार क्षेत्रमा क्रियाशील रहनुभएकी मि रमाले साहित्य लेखनको सुरुवात ढिलो गर्नुपरेको जीकिर गर्नुभयो। आफ्नो लेखन कार्यक्रम सुरुवात गर्दा केही समयको ढिलाइ भए तापनि आफू पहिलेदेखि नै नियमित पाठक रहेको कुरालाई उहाँले औंल्याउनुभएको थियो ।

आफू निरन्तर रुपमा कथाकारकै रुपमा लागिरहेको उहाँले प्रष्ट पार्नुभयो । बाह्रखरी कथा प्रतियोगिता २०८० र २०८१ मा लगातार उत्कृष्ट २५ भित्र परेको बताउनुहुँदै कथाकार मिरमाले भन्नुभयो, 'म उत्कृष्ट २५ जनाको सूचीमा पर्दा मलाई एकदमै खुशी लागेको छ। म आफू उत्कृष्ट ५ पर्छु की भनेर थोरै मात्र आशा लागेको थियो तर पनि यसमा पर्दा पनि म हर्षित नै भएकी छु। २०८० र २०८१ सालमा लगातार २५ मात्र परेको र आफ्नो कथा चर्चामा चलिरहेको उहाँले सबैप्रति आभार व्यक्त गर्नुभएको छ । आफूमा कथा लेखनलाई अत्याधिक प्राथमिकता दिएको कारणले तनाव भएको खण्डमा लेखनको माध्यमले तनावलाई हटाउन प्रयास गर्ने गरेको बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिका भित्रका बालबालिकाहरुमा पठन संस्कृतिको विकास गर्नका लागि विद्यार्थीसँग किताबको कुरा भन्ने कार्यक्रमको पनि सुरुवात गरिएको किताब घरका सञ्चालक छवि अन्तियले बताउनुभएको छ । कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठान काव्य विभागकी सदस्य शान्ति प्रिय बन्दना, मातृभूमी साहित्य समाजका निवर्तमान अध्यक्ष माधव पोखरेल, आचल साहित्य कला पुञ्ज मकवानपुरकी उपाध्यक्ष निरा शर्मा, साहित्य संगम मकवानपुका अध्यक्ष डीबी बर्तौला, संगमका उपाध्यक्ष सानु खनाल, झरना साहित्य परिवारका सचिव मसान उपासक लगायतको उपस्थिति रहेको थियो ।

रुपा नेपाली पाल माविका शिक्षकद्वारा श्रमिक मावि अवलोकन

समाज संवाददाता

हेटौंडाः रौतहट जिल्लाको रुपा नेपाली पाल माध्यमिक विद्यालयका प्रधानाध्यापक धर्मेन्द्र सिंको टोलीले हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयको अवलोकन गर्नुभएको छ । प्रधानाध्यापक सिंसहित ३५ जना शिक्षकको टोलीले विद्यालयको अवलोकन गर्नुभएको हो। शैक्षिकस्तर कसरी उकास्न सकिन्छ भन्ने उद्देश्यले विद्यालय अवलोकन गरिएको हो ।

श्रमिक माध्यमिक विद्यालयका प्रधानाध्यापक श्रीराम दहालका अनुसार विद्यालय मर्ज हुने अवस्थामा पुगेको थियो। करिब २ सय विद्यार्थीबाट श्रमिक माध्यमिक विद्यालयले कसरी ६ सय ४४ जना विद्यार्थी पुऱ्याउन सफल भयो भन्ने विषयमा प्रअ दहालले शिक्षकहरुलाई सहजीकरण गर्नुभयो। यसैगरी हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देलले वडाले गरेका शैक्षिक अभ्यासबारे सहजीकरण गर्नुहुँदै विद्यार्थी अनुत्तीर्ण हुनु शिक्षक र विद्यालयको दोष नभएको जानकारी दिनुभयो ।

शिक्षकले राम्रो पढाएन भन्ने होइन कि विद्यार्थी अनुत्तीर्ण हुनेप्रति स्थानीय सरकार जिम्मेवार बन्नुपर्नेमा सिग्देलले जोड दिनुभयो । यस्तै रुपा नेपाली पाल माध्यमिक विद्यालयका प्रधानाध्यापक सिंले शैक्षिक स्तर उकास्न तथा गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि श्रमिक माध्यमिक विद्यालय गरेका अभ्यासलाई सिको गर्ने बताउनुभयो। कार्यक्रममा हेटौंडा-४, नम्बर वडाका वडासचिव पुष्पराज पौडेल, सहायक प्रधानाध्यापक गोपिरमण प्याकुरेल लगायत शिक्षकहरुको उपस्थिति थियो ।

प्रहरीद्वारा अवैध कपडा नियन्त्रण

समाज संवाददाता

हेटौंडाः बारा प्रहरीले अवैध कपडा नियन्त्रणमा लिएको छ । प्रहरीले बिलबिजक नभएको सानो बच्चाको हुडी १२६ थान, ठुलो हुडी १४० थान, फरारी ज्याकेट २९ थान र आउट ४ थान बरामद गरेको हो ।

बिहीबार बिहान पौने १० बजे ईलाका प्रहरी कार्यालय कवहीगोठ बाराबाट प्रहरी नायव निरीक्षक खड्कबहादुर खड्काको कमाण्डमा खटिएको प्रहरी टोलीले सूवर्ण गाउँपालिका-३ बाट उक्त अवैध कपडा बरामद गरेको जनाएको छ । प्रहरीका अनुसार काठमाडौंबाट सतगंजतर्फ जाँदै गरेको प्र ०३-००१ ख २५३५ नम्बरको यात्रुबाहक बसभित्र उक्त कपडाहरु ल्याइएको थियो । अवैध उक्त कपडाहरु नियन्त्रणमा लिई आवश्यक कानूनी प्रक्रिया अगाडि बढाइएको बारा प्रहरीले जनाएको छ ।

यू-१९ महिला एसिया कप खेल्न जाने टोलीको बिदाई

© onlinekhabar.com

काठमाडौंः मलेसियामा आगामी साता सुरू हुने एसीसी यू-१९ महिला एसिया कप क्रिकेट खेल्न जाने नेपाली टोलीको बिदाई गरिएको छ ।

नेपाल क्रिकेट संघ (क्यान) ले बिहीबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा एक कार्यक्रम आयोजना गरी टोलीको बिदाई गरिएको हो। यू १९ महिला एसिया कप यही डिसेम्बर १५ देखि सुरू हुँदै छ ।

नेपाल, भारत र पाकिस्तान समूह बी मा छ। नेपालले पहिलो खेल डिसेम्बर १६ मा पाकिस्तानसँग र डिसेम्बर १७ मा भारतसँग खेल्नेछ। समूह ए मा आयोजक मलेसियासँगै श्रीलंका र बंगलादेश छन् । दुवै समूहको शीर्ष दुई टोली सुपर फोरमा प्रवेश गर्नेछन् ।

क्यान कार्यसमिति सदस्य आयुष श्रेष्ठले नेपाली यू१९ महिला टोलीले यू १९ टी २० विश्वकप समेत खेल्ने लागेको यू १९ एसिया कप त्यसको तयारीको रुपमा हुने बताए। 'हामीले यू १९ एसिया कपमा भारत र पाकिस्तान जस्तो टिमसँग खेल्न पाउँछौं। त्यसमा हामीले एक्सपोजर लिने अवसर पाउनेछौँ ।'

नेपाली युवा टोलीले यू१९ विश्वकप एसिया छनोटको उपाधि जितेर विश्वकपमा स्थान बनाउँदै आफूलाई प्रमाणित गरेको र अब आउने खेलमा पनि राम्रो प्रदर्शन गर्नेमा विश्वस्त रहेको श्रेष्ठले बताए ।

यसैगरी यू १९ महिला राष्ट्रिय टिमका मुख्य प्रशिक्षक महेश प्रसाद रिजालले यू १९ एसिया कपका लागि राम्रो तयारी भएको र उत्कृष्ट प्रदर्शन गर्ने बताए। यसैगरी यू १९ महिला टिमकी कप्तान पुजा महतोले क्याम्प राम्रो भएको र यू १९ एसिया कपमा राम्रो प्रदर्शन गर्ने विश्वास व्यक्त गरिन् । क्यानले पुजाको कप्तानीमा यसअघि नै १५ सदस्यीय टोली घोषणा गरिसकेको छ ।

(स्रोतः अनलाईनखबर)

बकैयामा करेन्ट लागेर भोलन घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकामा करेन्ट लागेर एक जना घाइते भएका छन् । बुधबार ४ बजेर ३० मिनेटको समयमा गाउँपालिका वडा नम्बर-६, स्थित टिकुले वसोवास गर्ने २८ वर्षीय मनोज भोलन घाइते भएका हुन्।

गाउँपालिकाका स्थानीय वासिन्दाहरुका अनुसार भोलनको आफ्नै घर नजिक रहेको ट्रान्समिटरको फ्यूज जोड्छु भनी बिजुलीको पोलमा चढी फ्युज जोडने क्रममा करेन्ट लागेर घाईते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ। भोलन घाइते भएको खबर प्राप्त हुन साथ प्रहरी बुझ्न जाँदा घाइतेलाई आफन्तले बारा जिल्लाको निजगढ सिटि अस्पतालतर्फ लगिएकोमा उनको अवस्था गम्भिर रहेको र उपचारमा उनको मामा संग्लन रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

रोजगारीको अवसर
यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधिको आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरबाट दरखास्त आव्हान गरिन्छ ।
- **कार्यक्षेत्र** : हेटौंडा उपमहानगरपालिका ।
- **अनुभव** : आवश्यक छैन ।
- **काम** : personal care, food supplement, clothes, grocery product हरुको प्रवर्द्धन गर्ने ।
- **आफ्नो वायोडाटा निवेदनको साथ पेश गर्नुहोला ।**
सेवा सुविधाहरू
- तलब : १५,००० बाट सुरु भई १,००,००० सम्म,
- अन्य सेवा सुविधा सप्लायर्सको नियम अनुसार हुनेछ ।
सम्पर्क
मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२०२३६
स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर

बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घर मा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं। आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं।

सम्पादक ।

सञ्चालनमा आयो
पशुपति ईभी चार्जिङ स्टेशन
हेटौंडा-४ पशुपति मन्दिरअगाडि
पशुपति ईभी चार्जिङ सेन्टर
६ वटा चार्जिङ युनिटसहित
सम्पर्कः ९८५५०६८८७३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ